# कोशीटप्पु वन्यजन्तु आरक्ष



## परिचय

कोशीटप्पु वन्यजन्तु आरक्ष नेपालको पहिलो रामसार क्षेत्र हो । कुल ३४८ वर्ग किलोमिटर क्षेत्रफलमध्ये १७५ वर्ग किलोमिटरमा आरक्ष रहेको छ भने १७३ वर्ग किलोमिटरमा मध्यवर्ती क्षेत्र फैलिएको छ ।

जङ्गली भैंसी (अर्ना) को लागि नेपालको यो एक मात्र वासस्थान हो । सोंस यहाँको अर्को प्रमुख प्रजाति हो । जङ्गली हात्ती पनि यस आरक्षमा आउने गर्छ । यहाँ पाइने ४८५ प्रजातिका पंक्षीहरु मध्ये ११४ प्रजाति पानी हाँस रहेका छन् । यो आरक्ष चराको स्वर्गभूमिको रुपमा पनि परिचित छ ।

नेपाल सरकारको वन तथा भू-संरक्षण मन्त्रालय अन्तर्गत राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग यो आरक्षको लागि व्यवस्थापकीय निकाय हो । सुनसरी, सप्तरी र उदयपुर जिल्लामा फैलिएको यो आरक्षको मध्यवर्ती क्षेत्रमा नौ वटा उपभोक्ता समिति र १६ वटा सहकारी संस्था परिचालित छन् । मध्यवर्ती क्षेत्रमा रहेको करिब ८२ हजार ७० जनसँख्या मध्ये ४५ प्रतिशत साक्षर छन् भने ३१ प्रतिशत मल्लाह, दुसाद, केवट, बाँतर, सतार, झाँगड आदि सिमसारमा निर्भर समुदाय छन् ।

## केही तथ्य

सन् १९८७ डिसेम्बर १७ तारिखका दिन कोशीटप्पु वन्यजन्तु आरक्षलाई अन्तर्राष्ट्रिय मापदण्डको रामसार सूचीमा समावेश गरिएको हो ।

**भू-उपयोग** : यस आरक्षमा ६७ प्रतिशत घाँसे मैदान, २६ प्रतिशत नदी र बलौटे जमिन, चार प्रतिशत वन र तीन प्रतिशत बुट्यान क्षेत्र रहेको छ । यहाँ पाइने प्रमुख वनस्पतिहरुमा खयर, सिसौ, सिमल काँस, खर, पटेर आदि हुन् । वनस्पति प्रजातिहरुको संख्या ५१४ रहेको छ । जसमध्ये १५ लहरे, २० बुट्यान, १८ वृक्ष, ७९ जलीय वनस्पति, १८ जडिबुटी, ३३ स्याउला प्रजाति र २२ खाद्य प्रजाति रहेका छन् ।

**वन्यजन्तुहरुको प्रजाति संख्या** : यहाँ ३१ स्तनधारी, २०० माछा, ४८५ पंक्षी, ४५ उभयचर र ७७ पुतली लगायत गरी **Changeable hawk eagle / Dusty eagle owl** ले बच्चा कोरल्ने गर्दछन् । नेपालभरीमा यहाँ मात्रै **Water cock** *(Gallicrex cinerea) and* Abbott's babbler *(Malacocincla abbotti)* पाईन्छन् । सन् २००९ को गणना अनुसार अर्नाको संख्या २१९ रहेको छ ।




## पहुँच

कोशी बाँध भएर गएको पूर्व-पश्चिम राजमार्गको उत्तरी भेगमा यो आरक्ष अवस्थित छ । यहाँबाट राजविराज करिब ७५ किलोमिटर दक्षिण-पश्चिम पर्दछ भने इनरुवा करिब २५ किलोमिटर दक्षिण-पूर्व पर्दछ । यहाँबाट नजिक पर्ने दक्षिण-पूर्वमा अवस्थित विराटनगर विमानस्थल करिब ५५ किलोमिटरको दूरीमा रहेको छ ।



## रामसारको आधारशिला

आधार १. उपयुक्त जैविक विविधता क्षेत्रभित्र प्रतिनिधिमूलक, दुर्लभ वा विशिष्ट प्रकारको प्राकृतिक वा मानव निर्मित सिमसार संरचना (जस्तै सप्तकोशी नदीले निर्माण गरेको बाढ क्षेत्र संसारकै ठूला मध्येको एक मानिन्छ) जसले नदी, ताल, भास, दलदल, र जलाशय समेट्छ ।

आधार २. अति सम्वेदनशिल वा सङ्कटापन्न वा खतरापूर्ण जीव प्रजाति वा पारिस्थिकीय प्रणालीलाई आश्रय प्रदान गर्ने सिमसार संरचना, जस्तै अति सङ्कटापन्न *(Critically Endangered)* गिद्ध *Gyps bengalensis / Gyps tenuirostris*, सङ्कटापन्न *(Endangered)* जङ्गली हात्ती *Elephas maximus*, अर्ना *Bubalus arnee*, सोंस *Platanista gangetica* लगायत अति सम्वेदनशिल **(Vulnerable)** १९ प्रजाति रहेका छन् ।

आधार ३. खास क्षेत्रको जैविक विविधता कायम गर्नका लागि वनस्पति वा प्राणीहरुको संख्या कायम गर्ने सिमसार संरचना विद्यमान रहेको छ ।

## चुनौतीहरु

**चरिचरन :** यस आरक्ष भित्र हजारौंको संख्यामा छाडा भैंसीहरु भेटिन्छन् ।

**अर्नाको बंशाणुमा ह्रास :** छाडा भैंसीहरुसंग मिसिंदा र अन्तः प्रजननले अर्नाको बंशाणुगत गुणमा ह्रास आएको शङ्का गर्न सकिन्छ ।

**अत्यधिक उपयोग :** अनियन्त्रित ढङ्गले जताततै माछा मार्ने गर्नाले सिमसार प्रणालीमा असर परिरहेको छ ।

**चोरी शिकारी :** माछा, पानी हाँस र अन्य वन्यजन्तुहरुको चोरी शिकारी हुने गरेको छ ।

**बालीनालीमा नोक्सानी :** अर्ना, जङ्गली हात्ती, बँदेल र अन्य जनावरले आरक्ष बाहिर बालीनाली र जीउधनको नोक्सान गर्दा आरक्ष प्रशासन र स्थानीय समुदाय बीचको सम्बन्धमा चिसोपन आउने गरेको छ ।

**नदीको प्रकोप :** कोशी नदीले धार निरन्तर परिवर्तन गर्दा र वर्षेनी बाढीको चपेटामा पर्दा स्थानीय समुदायको आर्थिक अवस्थामा अपेक्षित सुधार आउन सकेको छैन ।

**लहरे वनमाराको प्रकोप :** करिब दुई दशक देखि लहरे वनमारा *(Mikania micrantha)* को प्रकोप देखिदै आएको छ ।



## संरक्षणका प्रयासहरु

- रामसार सूचीमा समावेश गरेर अन्तर्राष्ट्रिय मापदण्ड अनुसार संरक्षण भइरहेको ।
- समुदायमा आधारित संरक्षण र विकासका कार्यक्रम सञ्चालन भइरहेको ।
- बालीनाली संरक्षणका लागि प्रभावित क्षेत्रमा सौर्य तारबार जडानका साथै अति विपन्न परिवारका लागि जिविकोपार्जनमा सघाउ पुऱ्याउने खालका सिमसारजन्य स्रोतमा आधारित शीपमुलक तालिम प्रदान गरी उत्पादित सामग्रीको बजारीकरणमा सहयोग ।
- सामुदायिक संस्थाहरु संरक्षण तथा विकासको लागि क्रियाशिल ।
- स्थानीय विद्यालयहरुमा सिमसार क्लवहरु लगायत शिक्षक सञ्जाल गठन गरी कार्यक्रम सञ्चालन ।

**कृपया आफनो प्रतिवद्धता सहित सुझाव निम्न ठेगानामा पठाइ दिन हुन अनुरोध गरिन्छ ।**

GLOBAL ENVIRONMENT FACILITY

U N D P


सिमसार संरक्षण तथा सदुपयोग आयोजना
तालिम शाखा भवन, दोस्रो तल्ला, ववरमहल, काठमाडौं
फोन न ०१ ४२२६२३० / ४२२९६६९
फ्याक्स ०१ ४२२९६७०
इमेल : info@wetlands.org.np
वेभ साइट : www.wetlands.org.np


प्रकाशित : वि.सं. २०६६


फिल्ड कार्यालय
कोशीटप्पु वन्यजन्तु आरक्ष कार्यालय
पश्चिम कुशाहा, सुनसरी
फोन न ०२५ ६२१३२७